# दण्डहीनताविरुद्ध नागरिक कार्यदल

**Citizen's Task Force to Combat Impunity**

**Secretariat:** FOHRID Human Rights and Democratic Forum, GPO Box: 19186, Dillibazar, Kathmandu, Nepal, Tel: +977 1 44 23 125, Fax: +977 1 4 43 812
Email: fohrid@wlink.com.np / taskforce@fohridnetwork.org, website: www.fohrid.org.np


# Report on Civil Society Forum[1] on Transitional Justice and the New Constitution

## संक्रमणकालीन न्याय र नयाँ संविधानका लागि नागरिक समाज मञ्च

### अन्तरक्रिया कार्यक्रम

### २०६६ पौष १५ (डिसेम्बर ३०, २००९), काठमाडौं

### कार्यक्रम प्रतिवेदन

**सन्दर्भ / पृष्ठभूमि**




तत्कालीन सात दल र नेकपा माओवादी (हाल एकीकृत नेकपा माओवादी) बीच सम्पन्न १२ बुंदे समझदारीपछि सम्पन्न जनआन्दोलनको सफलतापश्चात् तत्कालीन सरकार र माओवादीबीच सम्पन्न विस्तृत शान्ति सम्झौतापश्चात् देशमा औपचारिक रुपमा द्वन्द्वको अन्त्य भएको घोषणा गरियो । देशमा द्वन्द्व अन्त्य भएको औपचारिक घोषणा भए पनि विगतको सशस्त्र संघर्षको समयमा भएका अधिकार उल्लंघनका दोषीहरुलाई न्याय प्रक्रियामा ल्याउने र पीडितको न्यायमाथिको पहुँच सुनिश्चित गर्ने कार्य अधुरै छ । विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमा व्यवस्था गरिएका संक्रमणकालीन न्यायसम्बन्धी थुप्रै प्रावधानहरु सम्झौताबमोजिम अघि बढाइएका छैनन् । सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता आयोग, लगायतका आयोगहरु गठनप्रति राजनीतिक दलहरु उदासिन देखिएका छन् । विगतलाई भूलेर सुखद भविष्यको कल्पना गर्नु मुर्खता हुन्छ । विगतलाई उचित सम्बोधन नगरेसम्म सुखद भविष्यको मार्गमा अघि बढ्न सकिदैन । त्यसैले अवरुद्ध प्रायः रहेको संक्रमणकालीन न्यायलाई कसरी प्रभावकारी रुपमा अघि बढाउने र नयाँ संविधानमा संक्रमणकालीन न्यायसम्बन्धी के कस्ता प्रावधान राख्न सकिन्छ भन्ने विषयमा छलफल गर्नका लागि दण्डहीनताविरुद्ध नागरिक कार्यदलद्वारा ओएचसिएचआर नेपाल र आईसिजे को प्राविधिक सहयोगमा यो कार्यक्रम सम्पन्न गरिएको हो ।

---

[1] The Forum aims to provide an opportunity to civil society actors, human rights professionals, victim groups and journalists to have a constructive dialogue on constitutional issues pertaining to transitional justice in light of international human rights law and come up with a common position of the Civil Society on the key issues. The issues particularly include an exception of retrospective criminal law dealing with serious crimes, non-admissibility of amnesty (de facto and de jure), non-applicability of statutory limitation, guarantee of right to effective remedy and reparations, exclusivity of civilian courts' jurisdiction over all offences except that are of purely military nature and retention of the transitional justice mechanisms (TRC and Disappearance Commission). The forum is intended to be a consultative and interactive event advancing the common position of civil society, which could guide the entire civil society advocacy towards addressing the problem of impunity through the new constitution.

## उद्देश्य

- नयाँ संविधान र संक्रमणकालीन न्यायका सम्बन्धमा नागरिक समाजको साझा धारणा बनाउने,
- संविधान निर्माण प्रक्रिया एक राजनीतिक प्रक्रिया भएकाले राजनीतिक दलहरुलाई संक्रमणकालीन न्याय सम्बन्धी संवैधानिक एवं अन्य प्रबन्ध मिलाउन दबाब दिदै सुझावहरु प्रस्तुत गर्ने,
- भावी संविधानमा समावेश गरिनुपर्ने संक्रमणकालीन न्यायसम्बन्धी प्रावधानहरु एकीन गर्ने र ती प्रावधानहरुमाथि आगामी दिनमा राजनीतिक दल र संविधानसभा सदस्यहरुसँग छलफल गर्ने,

## कार्यक्रम सञ्चालन प्रक्रिया र सहभागिता

दण्डहीनताविरुद्ध नागरिक कार्यदलका संयोजक वरिष्ठ मानव अधिकारवादी व्यक्तित्व नूतन थपलियाको सभापतित्वमा सम्पन्न अन्तरक्रिया कार्यक्रमको सहसभापति (cochair) वरिष्ठ पत्रकार कनकमणि दीक्षित हुनुहुन्थ्यो । कार्यक्रमका सभापति, सहसभापति तथा अतिथिहरुको आशन ग्रहणपछि नागरिक कार्यदल सचिवालयको तर्फबाट मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड)का अध्यक्ष अधिवक्ता वीरेन्द्रप्रसाद थपलियाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने ओएचसिएचआर नेपालकी Jyoti Sanghora ले Opening remarks दिनुभएको थियो । त्यसपछि अधिवक्ता गोविन्द शर्मा 'वन्दी'ले "नयाँ संविधानमा संक्रमणकालीन न्याय' शीर्षक र ओएचसिएचआर नेपालका कानुनी सल्लाहकार अधिवक्ता राजु चापागाईंले "संक्रमणकालीन न्याय/दण्डहीनता लाई सम्बोधन गर्ने संवैधानिक प्रावधानहरुको तुलनात्मक अध्ययन/" (Comparative Constitutional Provisions dealing with Transitional Justice / Impunity Issues) शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुती पश्चात् फ्लोर खुल्ला गरी सहभागीहरुले आ-आफ्ना धारणाहरु राख्नुभएको थियो । कार्यक्रमको फ्लोर खुल्ला हुनुपूर्व अधिवक्ता राजकुमार सिवाकोटीले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो भने फ्लोर खुल्ला भएपश्चात् वरिष्ठ पत्रकार कनकमणि दीक्षितले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो । कार्यक्रमको समग्र प्रक्रिया र कार्यक्रममा व्यक्त विचारहरुलाई संश्लेषण गरी साझा निष्कर्ष तय गर्ने कार्यमा अधिवक्ताद्वय कमल प्रसाद पोखरेल र विद्या चापागाईं रहनुभएको थियो भने कार्यक्रम प्रतिवेदनको जिम्मेवारी कृष्ण प्रसाद अर्याललाई दिइएको थियो । कार्यक्रममा ९० जनाको सहभागिता रहेको थियो ।

## निष्कर्ष / सिफारिस

### निष्कर्षका सैद्धान्तिक मापदण्ड

(क) हामीहरुले न्याय बेचेर शान्ति किन्न खोजियो जुन गलत थियो । न्याय स्थापित गर्दा शान्ति गुम्छ भन्ने भ्रम राखियो । हामीहरुलाई कानुनी शासनका लागि शान्ति प्रक्रिया चाहिएको हो । न्यायको अधिकार, जान्न पाउन अधिकार, परिपूरणको अधिकारका कुराहरु भएपनि अहिलेको कानुनविहीन अवस्थामा यो असम्भव देखिन्छ । गम्भीर अपराधहरुमा आममाफी दिन सकिदैन । ICCPR ले पश्चात्दर्शी कानुनको प्रावधानलाई स्वीकृत गरेको छ । पश्चात्दर्शी कानुनअन्तर्गत नयाँ अपराध पारित गर्न सकिदैन तर पूर्व परिभाषित अपराधहरुमा संलग्नहरुलाई कानुनी दायरामा ल्याउन सकिन्छ । अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका गम्भीर अपराधलाई भावी संविधानमा फौजदारी न्याय प्रणाली भित्र ल्याउनुपर्छ र त्यस्ता अपराधमा कानुनी उपचार प्राप्त गर्ने पीडितको हकलाई फौजदारी न्याय सम्बन्धी हकभित्र समावेश गर्नुपर्छ । त्यसैगरी अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका गम्भीर अपराधहरुमा पश्चात्दर्शी कानुन बनाएर अभियोजन गर्न सकिने प्रावधानको व्यवस्था गर्नुपर्छ ।



(ख) न्याय र प्रतिशोधको बीचको अन्तर के हो, छुट्याउनुपर्छ । आममाफी र माफी बीचमा फरक छुट्याउनुपर्छ । नयाँ

संविधानमा मेलमिलापका कुरा समावेश गर्ने हो भने संविधान जारी भएको कति दिनपछि र कसरी कार्य हुन्छ, स्पष्ट किटान गरेर राखिएन भने त्यो उपयोगविहीन हुन्छ । व्यक्ति पीडित भएको अवस्थामा पीडितको स्वीकृति बिना केही गर्न सकिदैन । पीडितको हक recognize गर्न सकिएन भने केही अर्थ रहदैन । अपराधको साक्षी बने बापत पौसा तिरेर राज्यलाई सहयोग गर्नुपर्ने बाध्यता अन्त्य हुनुपर्छ ।

(ग) हाम्रो आर्थिक पछौटेपनलाई ध्यान दिनुपर्छ । पीडित परिवारको कमजोर आर्थिक अवस्थाको फाइदा उठाउदै पीडित परिवारलाई ५० हजार तिरेर अपराधमा संलग्नहरुले आम माफीको प्रक्रियामा लैजान सक्छन् । त्यस कुरामा ध्यान दिनुपर्छ । मानवताविरुद्धका अपराधमा माफी दिन नसक्ने व्यवस्था गर्नुपर्छ । राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरु सिधै कार्यान्वयनमा जानुपर्छ भनी संविधानमा स्पष्ट व्यवस्था गर्नुपर्छ । राजनीतिक दललाई जवाफदेही नबनाएसम्म केही पनि हुन सक्दैन । त्यसैले राजनीतिक दलहरुलाई कसरी जवाफदेही बनाउने भन्नेमा केन्द्रीत हुनुपछ ।

(घ) नागरिक समाजको भूमिका पनि कहिले काहीं विचलित भएको देखिएको छ । अपराध हुन्छ, राजनीतिक दलको नाम जोडिन्छ, त्यस्तो अवस्थामा राजनीतिक दलहरुलाई बेनकाव गर्न (lifting the vail) सकिएन भने दण्डहीनता बढ्छ । राजनीतिक दलहरु मुछिने कुनै पनि अपराधहरु पार्टीको केन्द्रीय समितिको वैठकले निर्णय गरेका भएका छैनन् । व्यक्तिलाई पार्टीसँग जोड्दा पीडकहरु बलिया हुन्छन् । अपराधमा पार्टी सदस्य अर्थात पार्टीसँग जोडेर होइन व्यक्ति बनाएर कारवाही गर्नुपर्छ ।

(ङ) भावी संविधानमा संक्रमणकालीन न्यायका प्रावधान राख्ने हो भने संविधानमा नै स्पष्ट रुपमा तिथि, मिति र सीमा स्पष्ट रुपमा व्यवस्था गरेर अघि बढ्नुपर्छ । संविधानमा स्पष्ट रुपमा किटान गरिएन भने त्यो प्राप्त हुनै सक्दैन र विगतमा जस्तै ठगी खाने भाँडो हुनेछ ।

(च) राष्ट्रिय मानव अधिकार आयोगले यदि दोषी ठहर गरेको छ भने त्यस्ता व्यक्तिहरुलाई व्यक्तिगत रुपमा कानुनद्वारा अयोग्य हुने व्यवस्था गर्नुपर्छ । अपराध सम्बोधनका लागि स्पष्ट संवैधानिक र कानुनी व्यवस्था गरी अघि बढ्नुपर्छ । राष्ट्रिय मानव अधिकार आयोगको trend हेर्दा अनुसन्धानको अन्त्यमा सिफारिस दिने तर तिनीहरु कार्यान्वयन नहुने अवस्था देखिन्छ । अनुसन्धानको सिलसिलामा असहयोग गर्ने अधिकारीलाई कारवाही गर्न सक्ने हैसियत राष्ट्रिय मानव अधिकार आयोगले राख्छ । राष्ट्रिय मानव अधिकार आयोगमा गरिने कर्मचारी नियुक्तिले पनि समस्या ल्याएको छ । आयोग आफैले कर्मचारी नियुक्त गर्न सक्ने व्यवस्था गर्नुपर्छ ।

(छ) अहिले मौन माफीले काम गरेको छ । पीडित थकानको रणनीतिमा पीडकहरु लागेका छन् । पीडितलाई थकाउँदा बदलाको भावना पनि घट्दै जान्छ । त्यसले अपराधलाई कारवाहीविहीन गराउन मद्दत मिलेको देखिन्छ । भावी संविधानको प्रस्तावनामा पीडितको आत्मसम्मान हुने कुरालाई समावेश गर्नुपर्छ । पीडितको पक्षमा केही पनि व्यवस्था नहुँदा पीडितहरु थाकिसकेका छन् । राजनीतिको अपराधीकरण र अपराधको राजनीतिकरणले दण्डहीनता बढेको छ । अपराधमा लागेकोले पार्टी सदस्यता नपाउने व्यवस्था गरिनुपर्छ । राजनीति दल सम्बन्धी, निर्वाचन सम्बन्धी, पारदर्शिता सम्बन्धी कुराहरु जोडेर राजनीतिक दलहरुलाई जवाफदेही बनाउनुपर्छ ।

## संविधानसभालाई सिफारिस

**(क) भावी संविधानमा फौजदारी न्याय प्रणालीभित्रबाट सम्बोधन गर्नुपर्ने अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका गम्भीर अपराध र त्यस्ता अपराधहरुलाई सम्बोधन गर्ने न्यायसम्बन्धी हकका प्रावधान :**

अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका गम्भीर अपराधहरुको फौजदारी न्याय प्रणालीभित्रैबाट अपराधीकरण गरिनुपर्छ । यसका लागि त्यस्ता अपराधमा पश्चात्दर्शी कानुनको प्रयोग हुनसक्ने प्रावधान नयाँ संविधानमा राख्नुपर्छ । यो प्रावधान नयाँ संविधानको मौलिक हकको भागमा न्यायसम्बन्धी हक अन्तर्गत राखीनुपर्दछ । अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका गम्भीर अपराधहरु जुन अन्तर्राष्ट्रिय सरोकारका अपराध समेत हुन त्यस्ता अपराधहरुको बारेमा संयूक्त राष्ट्रसंघको प्रस्ताव नं. २३९१(२३)द्वारा २६ नोवेम्बर १९६८मा अवलम्बन गरिएको हो । युद्ध

अपराध र मानवता रविरुद्धका अपराधमा कानुनी हदम्याद लागु नहुने सम्बन्धी महासन्धिले समेत परिभाषित गरिसकेको छ ।त्यसैले, यस्ता अपराधहरुमा हदम्याद लागु नहुने प्रावधान नयाँ संविधानमा राखीनुपर्छ । जबरजस्त बेपत्ता जस्ता अपराधहरुलाई निरन्तर अपराधको रुपमा परिभाषित गरि यस्ता अपराधहरुमा भूतप्रभावी कानुनको प्रयोग गर्नसक्ने प्रावधान राखीनुपर्छ ।

**(ख) संक्रमणकालीन न्यायको व्यवस्थापनका लागि कार्यविधिगत र सारवान कानुनअन्तर्गत अधिकार तथा उपचारका लागि सिफारिस**

नयाँ संविधानमा मानव अधिकार उल्लंघनविरुद्ध उपचारको प्रावधानलाई प्रभावकारी रुपमा समावेश गरिनुपर्छ । यसका लागि युद्ध अपराध, मानवता विरुद्धको अपराध र आम नरसंहारका अपराधमा जो कोहीलाई कानुनी उपचार प्राप्त गर्ने अधिकार हुन्छ भन्ने कुरालाई स्पष्ट शब्दमा लेखीनुपर्दछ ।यो हक प्रचलनका लागि संविधानमा भएको व्यवस्था अनुसार कार्यविधि र सारवान कानुनहरुको तर्जुमा गरिनुपर्छ । मानव अधिकार उल्लंघनकारी विरुद्ध जुनसुकै समयमा पनि अभियोजन चलाई पीडितलाई न्याय दिने, न्यायको पाटोलाई अधिकारको रुपमा नयाँ संविधानले परिभाषित गर्न सक्नुपर्छ ।

**(ग) संक्रमणकालीन न्यायका लागि राज्यले संरचनागत तथा निर्देशक सिद्धान्त अन्तर्गत दीर्घकालीन रुपमा सम्बोधन गर्नुपर्ने सबाल र प्रावधानहरु**

सशस्त्र द्वन्द्वपछि संक्रमणकालीन न्यायको अवस्थामा हाल नेपाल रहेको र संक्रमणकाललाई सम्बोधन गर्दै नयाँ नेपाल निर्माणको प्रस्थान विन्दुका रुपमा नयाँ संविधानको निर्माण संविधानसभाले गर्दै गरेको परिप्रेक्ष्यमा संक्रमणकालीन न्यायका मुद्दाहरुलाई नेपालले सम्बोधन गर्दै राज्यको पुनर्निमाण गर्नुपर्छ । सतयको खोजी, अभियोजन, न्याय र परिपुरण जस्ता अधिकारहरुलाई तत्काल उपलब्ध गराउनुपर्छ र यी अधिकार भित्रका विषयवस्तु हुन् । त्यसैले यिनलाई अधिकारकै भाषामा सम्बोधन गरिनु पर्छ । संस्थागत सुधार, कानुनी सुधार र पीडितहरुको जीविकासँग सम्बन्धित सवालहरुलाई दिर्घकालीन रुपमा सम्बोधन गर्नुपर्छ । सुरक्षा क्षेत्रको सुधार र भिटिङ प्रोसेसका लागि दिर्घकालीन रुपमा अघि बढ्नुपर्ने हुन्छ ।

## कार्यक्रममा व्यक्त विचार

**अधिवक्ता वीरेन्द्र प्रसाद थपलिया, कार्यक्रममा स्वागत मन्तव्य प्रस्तुत गर्दै**



नेपालमा दण्डहीनताको अपसंस्कृति संस्थागत रुपमा विकसित भएको छ । दण्डहीनताको संस्कृतिको अन्त्य नभएसम्म मानव अधिकारको संरक्षण र सम्वर्द्धन हुन सक्दैन । दण्डहीनता निरुत्साहित गर्ने र जवाफदेहीतालाई प्रवर्द्धन गर्ने अहिलेको अहम सबाल हो । हिजोको गल्ती भविष्यमा नदोहोरिउन र भावी नेपालमा नेपाली जनताले मानव अधिकारको उल्लंघनको घीनलाग्दो घटना बेहोर्नु नपरोस् भन्ने चाहना रहेको छ । मानवीय कानुन र मानव अधिकार सम्बन्धी अनेक अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष राज्य रहँदा रहदै पनि नेपालमा दण्डहीनताको सिलसिला निरन्तर रहदै आएको छ । दण्डहीनतालाई समाप्त पार्न र राज्यशक्ति वा राजनीतिक आड भरोसा लिएर मानव अधिकारको उल्लंघनमा संलग्न हुनेलाई न्यायको दायराभित्र ल्याउने परिपाटी स्थापित गर्न नागरिक समाजको अझ सक्रियताको खाँचो तड्कारो छ ।

अतः भावी संविधानमा संक्रमणकालीन न्यायसम्बन्धी प्रावधानहरुलाई समावेश गरिनु अहिलेको हाम्रो महत्वपूर्ण दायित्व हो । त्यसैले सत्यको स्थापना, न्यायको अधिकारको सुनिश्चितता, अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका गम्भीर अपराधहरुमा हदम्यादको अप्रयुक्तता र पश्चात्दर्शी कानुन लागू हुने प्रावधान र संस्थागत सुधारका क्षेत्रहरुलाई हामीले सम्बोधन गर्नुपर्ने हुन्छ । यसरी संक्रमणकालीन न्याय एवं संक्रमणकालको व्यवस्थापनका लागि

संक्रमणकालीन न्यायका विषयमा नयाँ संविधानमा समावेश गरिनुपर्ने प्रावधानहरुका सम्बन्धमा निम्न उद्देश्य राखेर आजको यो नागरिक समाज मञ्चको आयोजना गरिएको छ ।

**Jyoti Sanghora**

Chair of this Forum Mr. Nutan Thapaliya, Facilitator of the forum, Mr. Kanak Mani Dixit, Civil society leaders, members of human rights community, members of legal community, friends from media, ladies and gentlemen.

My thanks to the Citizen's Task Force to combat impunity for inviting me to join all of you colleagues at this very important and momentous event aimed at devising common position of the civil society in relation to constitutional issues pertaining to impunity / transitional justice. It is my great pleasure to be here with you to discuss transitional justice in the context of the constitution making process.

We are all here today in part because we think the constitution making process offer great hope for Nepal: an opportunity to build a strong foundation for a State built on human rights and justice, including by paving the way for dealing the past violations and guaranteeing non-repetition of such violations in the future.

I am very pleased to know that this forum aims to have a constructive dialogue on a number of significant constitutional issues pertaining to transitional justice in light of the international human rights instruments to which Nepal is a party. We do believe that these instruments should serve as an inspiration for constitutional deliberations inside and outside the CA.



It is vital that civil society plays key role in an integrated and coordinated fashion to ensure that the right to truth, justice and reparations of the victims of the human rights violations is given due consideration in the entire peace process including the constitutional deliberations, and I would also encourage all elements of civil society to actively engage in the constitution making process and to make their views known on what they want to see in relation to transitional justice.

I am pretty sure that the discussions to be conducted this morning will assess the strength and weaknesses of the CA Committees' draft tests from transitional justice perspective and come up with the valuable suggestions that will help the CA to properly address a number of issues including:

- the impermissibility of amnesties for gross human rights violations constituting serious crimes including enforced disappearance, torture and rape
- the exception of retrospective criminal law dealing with the violations constituting serious crimes
- the non-applicability of statutory limitation to such violations constituting serious crimes
- the right of victims of such violations to adequate remedy and reparations
- the need for the state to provide for appropriate witness and victim protections
- the supremacy of the civilian courts over all offences except that are of purely military nature
- the competence of NHRC to investigate into human rights violations committed by security forces
- the duty of authorities to properly investigate, and where appropriate prosecute gross violations of human rights and serious violations of international humanitarian law.

My Office is pleased and remains committed to play a supporting role to the civil society partners like the Citizen's Task Force to Combat Impunity if offering technical assistance and comparative expertise in the process of writing new constitution. Working together to strengthen this fundamental legal framework is vital. So I would like to appreciate the Task Force for taking the initiative of organizing this forum in order

to foster a constructive dialogue to generate suggestions in relation to these significant issues. May I assure you of OHCHR's best wishes for these deliberations and we look forward to seeing the recommendations made by this initiative.

Thank you.

**गोविन्द शर्मा 'वन्दी', "नयाँ संविधानमा संक्रमणकालीन न्याय" शीर्षकमा प्रस्तुती गर्दै**
संक्रमणकालीन न्याय संक्रमण र न्यायबीचको सम्बन्ध हो भन्दै वन्दीले संक्रमणकालीन न्यायका उद्देश्य, यसको प्रकृति, संक्रमणकालीन न्यायका उपायहरु, शान्ति सम्झौता र संक्रमणकालीन न्याय, अन्तरिम संविधानमा रहेका संक्रमणकालीन न्याय सम्बन्धी व्यवस्था, संविधानको प्रारम्भिक मस्यौदामा रहेका संक्रमणकालीन न्यायका प्रावधान, प्रारम्भिक मस्यौदामा पर्न नसकेका संक्रमणकालीन न्यायका विषयवस्तु तथा नयाँ संविधानमा समावेश गरिनुपर्ने संक्रमणकालीन न्याय सम्बन्धी व्यवस्थाहरुको बारेमा प्रकाश पार्नुभएको थियो । *(बन्दीद्वारा प्रस्तुत प्रस्तुतीको पूर्णपाठ अनुसूची एकमा समावेश छ)*

**राजु प्रसाद चापागाई, "संक्रमणकालीन न्याय/दण्डहीनता लाई सम्बोधन गर्ने संवैधानिक व्यवस्थाहरुको तुलनात्मक अध्ययन/" (Comparative Constitutional Provisions dealing with Transitional Justice / Impunity Issues) शीर्षकमा कार्यपत्र प्रस्तुत गर्दै**
अधिवक्ता चापागाईले संक्रमणकालीन न्याय र दण्डहीनतालाई सम्बोधन गर्नका लागि विभिन्न देशहरुमा रहेका संवैधानिक प्रावधानहरुको अध्ययन प्रस्तुत गर्नुभएको थियो । उहाँले गणतन्त्र कोसोभो, दक्षिण अफ्रिका, क्रोएसिया, इथियोपिया, भेनेजुयला, पाराग्वे, पूर्वी टिमोर, गणतन्त्र चिली तथा ग्रीसको संविधानमा रहेका संवैधानिक प्रावधानहरुको अध्ययन प्रस्तुत गर्नुभएको थियो । उहाँले भन्नुभयो, भेनेजुयलाको संविधानमा गम्भीर अपराधहरुका क्षमादान/माफी दिन नमिल्ने व्यवस्था गरिएको छ । साथै, गैर सैनिक प्रकृतिका मुद्दा नागरिक अदालतबाट हेर्ने व्यवस्था गरिएको छ । पाराग्वेको संविधानमा नरसंहार, यातना, अपहरण लगायतका घटनामा हदम्याद लागू नुहने व्यवस्था छ । पूर्वी टिमोरमा गम्भीर अपराधहरुमाथि राष्ट्रिय वा अन्तर्राष्ट्रिय अदालतमा मुद्दा चलाउन सकिने व्यवस्था गरिएको छ । यस्ता व्यवस्थाहरु द्वन्द्वोत्तर राष्ट्रहरुमा मात्र नभएर अन्य देशहरुमा पनि गरिएको पाइन्छ । ग्रीस यसको उदाहरण हो । विगतको सम्बोधन, भविष्यमा नदोहोरिने व्यवस्था र कानुनको शासनको प्रभावकारी सञ्चालनका लागि यस्ता प्रावधान राखिएको पाइन्छ । क्षमादान र माफी गम्भीर अपराधहरुमा दिन मिल्दैन । अपराधीहरुलाई व्यक्तिगत रुपमा जवाफदेही बनाउनुपर्छ । हदम्यादको बहानामा अभियोजन नहुने व्यवस्थाको अन्त्य हनुपर्छ । नागरिक अदालतप्रति जवाफदेही बनाउनुपर्छ । उपचार र परिपूरणको हकलाई सुनिश्चित गर्नुपर्छ । *(चापागाईंको प्रस्तुतीको पूर्णपाठ अनुसूची दुईमा समावेश छ)*

**वरिष्ठ पत्रकार कनकमणि दीक्षित**
आजको छलफल आउँदो संविधानमा संक्रमणकालीन न्यायलाई कसरी समावेश गर्ने भन्नेमा केन्द्रीत हुनेछ । संक्रमणकालीन न्यायका कस्ता प्रावधान राख्ने, ती प्रावधानहरुमा नागरिक समाज, विषयगत विज्ञ र विधिशास्त्रीहरुको साझा धारणा तय गर्नका लागि आजको कार्यक्रम केन्द्रीत हुनेछ । Transitional justice राम्रो, गहकिलो र आयातित अवधारणा हो । Reconciliation को पनि गलत अनुवाद भएको छ । यसलाई मेलमिलापको रुपमा व्याख्या गरिदा न्यायको पाटो बेवास्ता गरिएको छ । आज हामीहरु पीडितका अधिकार, नागरिक अदालतको सर्वोच्चता, फौजदारी कानुनको अपवादहरु र राष्ट्रिय मानव अधिकार आयोगले गैर सैन्य प्रकृतिका मुद्दाहरु अगाडि बढाउन सक्ने विषयमाथि केन्द्रीत हुनेछौं ।

## फ्लोर खुल्ला

**अधिवक्ता दिनेश त्रिपाठी**
नेपालको शान्ति प्रक्रिया त्रुटीपूर्ण थियो । हामीहरुले न्याय बेचेर शान्ति किन्न खोजियो जुन गलत थियो । न्याय स्थापित गर्दा शान्ति गुम्छ भन्ने भ्रम राखियो । कानुनी शासनका लागि शान्ति प्रक्रिया चाहिएको हो । न्यायको अधिकार, जान्न पाउन अधिकार, परिपूरणको अधिकारका कुराहरु भएपनि अहिलेको कानुनविहीन अवस्थामा यो असम्भव देखिन्छ । गम्भीर अपराधहरुमा आममाफी दिन सकिदैन । नेपालमा गम्भीर अपराधमा संलग्नहरुलाई आम माफी दिएपनि भोलि विदेशमा तिनीहरुमाथि अभियोजन हुनसक्छ किनकी सबै राष्ट्रहरु अन्तर्राष्ट्रिय दायित्व अन्तर्गत छन् । ICCPR ले पश्चात्दर्शी कानुन बनाएर गम्भीर अपराधमा संलग्नहरुलाई कारवाहीको दायरामा ल्याउन सक्ने व्यवस्थालाई स्वीकारेको छ । पश्चात्दर्शी कानुनअन्तर्गत नयाँ अपराध घोषित गर्न सकिदैन तर पूर्व परिभाषित अपराधहरुमाथि हदम्याद लाग्दैन । माफीको कुरा पीडित केन्द्रीत हुनुपर्छ ।

**सुवोधराज प्याकुरेल**

विगतका हरेक कुराहरुलाई राजनीतिक दलहरुले आफ्नो स्वार्थ अनुकूल व्याख्या गर्दा समस्या आएको छ । नयाँ संविधानमा अदालतको स्वायत्तता, प्रभावकारिता र जवाफदेहीतालाई सुनिश्चित गर्न सकियो भने परिपूरणका सबै भाग सम्बोधन हुनेछन् । सर्वोच्च अदालतले विगतमा गरेका फैसलाको नजिर र १९९५ सम्म महत्वपूर्ण अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा गरेको अनुमोदनलाई आधार मानेर अघि बढेमा सहज हुन्छ । राष्ट्रिय मानव अधिकार आयोगले आफूलाई प्राप्त अधिकारको सही उपयोग गर्ने व्यहोरा जानेन् । मानव अधिकार उल्लंघनका घटनाहरुको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको क्षेत्रमा लागेका संस्थाहरुलाई सार्वजनिक रुपमा भन्ने र त्यसबाट नभएमा कानुनी प्रक्रियामा जानुपर्छ ।



**चरण प्रसाई**

दण्डहीनताको सबालमा राज्य जसरी जवाफदेही भइरहेको छैन, त्यसमा ध्यान दिनुपर्छ । सरकारका प्रतिवद्धता व्यवहारमा लागू गराउन दवाव दिनुपर्छ । अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न पुनःस्थापित संसदले सरकारलाई ०६३ मा निर्देशनात्मक आदेश दिएको थियो तर अहिलेसम्म अनुमोदन भएको छैन । तोरण जंगबहादुर सिंह, निरञ्जन बस्नेतको स्थितिलाई सम्बोधन गर्न सरकारलाई बाध्य पार्नुपर्छ । संक्रमणकालीन न्यायको रुपमा आएका प्रावधानमा राज्यको मात्र सबाल आएको छ । राज्य भन्नाले सरकार मात्र हो भन्ने गलत बुझाइ रहेको छ । सरकारभन्दा पनि राजनीतिक दलहरु प्रमुख जिम्मेवार छन् । दोश्रोमा मात्र सरकार आउँछ । अपराधमा संलग्न दलका कार्यकर्ता पक्रिदा गरिने बन्दले यसको पुष्टि गर्छ । सरकार, राजनीतिक र गैर राज्यपक्ष को को जिम्मेवार हुन्छन् । विद्रोहको नाममा गैरराज्य पक्षले गर्ने अपराधलाई कसरी सम्बोधन गर्ने र जवाफदेही बनाउने भन्नेमा सोच्नुपर्छ ।

**प्रा.डा. युवराज संग्रौला**

जहाँ अपराध हुन्छ त्यहाँ मानव अधिकार उल्लंघन हुन्छ । यसले व्यक्तिगत आत्मसम्मान उल्लंघन हुन्छ । अपराध विशुद्ध राजनीतिक रुपमा हुन सक्छ जुन राजनीतिक दलहरुले जति अपराध गरेपनि छुट पाउने प्रवृत्तिले ल्याएको हो, त्यसको अन्त्य गर्न कानुन र व्यवस्था (law and order) को प्रभावकारी लागू र मानव अधिकार उल्लंघन हुँदा गुमेको पीडितको आत्मसम्मान प्राप्तिका लागि संक्रमणकालीन न्याय चाहिन्छ । विगतमा भएको द्वन्द्वका घटनाहरु जहाँ मानव अधिकार उल्लंघन भएको छ, तिनीहरुमा आम माफी नहोस् भन्नका लागि सोच्नुपर्छ । भावी संविधानमा 'राज्यको कुनै पदाधिकारीलाई मानव अधिकार उल्लंघनका घटनामा आममाफी दिइने छैन' भन्ने प्रावधान राखियो भने हाम्रो ठूलो उपलब्धी हुनेछ ।

**अधिवक्ता रवीन्द्र भट्टराई**

न्याय र प्रतिशोधको बीचको अन्तर के हो, छुट्याउनुपर्छ । बाँदर मुडेको घटना कोट्याउँदा तत्कालीन विद्रोही शक्ति माओवादी र तोरणजंग बहादुरको कुरा आउँदा तत्कालीन सरकार र सेना दुवैतर्फका सबै मुछिने डरले भावी संविधान नै फिका हुने आशंका छ । आममाफी र माफीको बीचमा फरक छुट्याउनुपर्छ । अपराध पीडितमा मानव अधिकार उल्लंघनका पीडित पनि पर्छन । नयाँ संविधानमा मेलमिलापका कुरा समावेश गर्ने हो भने संविधान जारी भएको कति दिनपछि र कसरी कार्य हुन्छ, स्पष्ट किटान गरेर राखिएन भने त्यो उपयोगविहीन हुन्छ । व्यक्ति पीडित भएको अवस्थामा पीडितको स्वीकृति बिना केही गर्न सकिदैन । पीडितको हक recognize गर्न सकिएन भने केही अर्थ रहदैन । अपराधको साक्षी बने बापत उल्टो पैसा तिरेर राज्यलाई सहयोग गर्नुपर्ने बाध्यता अन्त्य हुनुपर्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग संवैधानिक निकाय हुँदा त्यसले मुद्दा चलाउन सक्छ भने राष्ट्रिय मानव अधिकार आयोगले किन नसक्ने ? राष्ट्रिय मानव अधिकार आयोग त

अझ बढी शक्तिशाली छ । त्यसैले राष्ट्रिय मानव अधिकार आयोगमा जाने व्यक्तिहरुको योग्यतालाई पनि पुनः परिभाषित गरिनुपर्छ ।

**संविधानविद्, काशीराज दाहाल**
Reconciliation मेलमिलाप होइन । मेलमिलापका लागि गरिने कार्यहरु जस्तै न्याय, सत्यको अन्वेषण यसमा पर्छन् । मानव अधिकारको संवर्द्धन, लोकतन्त्रको सबलीकरण, शान्ति निर्माण र विकासलाई अगाडि बढाउन संक्रमणकालीन न्याय चाहिन्छ । यसलाई प्राप्ति गर्नका लागि सत्य अन्वेषण, न्यायको अनुभूति, विभिन्न आयोगहरुको गठन र अनुगमनका कुराहरु पर्छन् । वृहत शान्त्रि सम्झौतामा यी कुराहरुलाई समावेश पनि गरियो । तर, शान्ति सम्झौता र अन्तरिम संविधान जारी भएपछि २ पक्ष नभएर एउटै पक्ष रहने भए पनि ३ वर्षसम्म केही पनि काम हुन सकेन । विगतको तिक्तता कायम छ । स्थिति सामान्यीकरण भएको छैन । विस्तृत शान्ति सम्झौता बेबारिसे दस्तावेज हुन गएको छ । विस्तृत शान्ति सम्झौतालाई प्रभावकारी बनाउन कुन मोडेलमा जाने स्पष्ट हुनुपर्छ । कुन मोडेलले मानव अधिकारका संवर्द्धन, कानुनी शासनको पुनःस्थापना हुन्छ त्यसलाई विचार गर्नुपर्छ ।

**अधिवक्ता विनोद नेपाल**
अहिलेसम्म भएका सम्झौता र सहमतिको अनुगमनका संयन्त्रको व्यवस्था नहुँदा दण्डहीनता बढेको छ । हामीले नयाँ संविधानमा यसलाई समावेश गर्नुपर्छ । हाम्रो आर्थिक पछौटेपनलाई ध्यान दिन सकेनौं । पीडित परिवारको कमजोर आर्थिक अवस्थाको फाइदा उठाउदै ५० हजार तिरेर अपराधमा संलग्नहरुले आम माफीको प्रक्रियामा लैजान सक्छन् । त्यस कुरामा ध्यान दिनुपर्छ । मानवताविरुद्धका अपराधमा माफी दिन नसक्ने व्यवस्था गर्नुपर्छ । राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरु सिधै कार्यान्वयनमा जानुपर्छ भनी संविधानमा स्पष्ट व्यवस्था गर्नुपर्छ । राजनीतिक दललाई जवाफदेही नबनाएसम्म केही पनि हुन सक्दैन । त्यसैले राजनीतिक दलहरुलाई कसरी जवाफदेही बनाउने भन्नेमा केन्द्रीत हुनुपछ ।

**अधिवक्ता श्रीकृष्ण सुवेदी**
विस्तृत शान्ति सम्झौता अन्तरिम संविधानको अंग हो । नयाँ संविधान जारी भएपछि वृहत शान्ति सम्झौता अन्त्य हुन्छ । अहिले शान्ति सम्झौताका प्रमुख मुद्दा / प्रतिवद्धता सम्बोधन गर्ने spirit देखिदैन । नयाँ संविधान जारी हुञ्जेलसम्म सत्य निरुपण तथा मेलमिलाप आयोगका कुरा भएनन् भने नयाँ संविधानले त्यसलाई बोक्छ कि बोक्दैन ? नयाँ संविधान जारी भएपछि शान्ति सम्झौताको वैधता सकिन्छ भने सेना समायोजन, राज्यको पुनःसंरचना, लगायतका कुराहरु अहिले ओझेलमा परे भने यो संक्रमणकाल भोलि पनि हुन्छ । त्यसैले संक्रमणकालीन न्याय खोज्नुपर्छ । राजनीतिक दल खोल्दै जाने, मान्छे मार्दै जाने अनि राजनीतिक उद्देश्यले गरेको भन्दै माफी दिने प्रवृत्तिले दण्डहीनता बढिरहेको छ । बार्तापछि सबै अपराध माफीका भागी हुन्छन् कि हुदैनन् ? त्यसमा ध्यान दिदै अघि बढ्नुपर्छ ।

**अधिवक्ता रामकृष्ण काफ्ले**
संक्रमणकालीन न्याय आफैमा अस्थायी प्रकृतिको हो । अहिले सबैका धारणा विगतको १० वर्षे द्वन्द्वलाई हेर्न मात्र संक्रमणकालीन न्यायमा जाँदैछौं भन्ने रहेको छ । मधेश आन्दोलन लगायतका घटना जहाँ अपराधले मान्यता पाएको देखिन्छ अनि भोलिका दिनमा संघीयतामा घट्ने अपराधलाई कसरी सम्बोधन गर्ने ? हरेक अवस्थामा गठन हुने आयोगहरुका प्रतिवेदन पनि कार्यान्वयन हुन सकेका छैनन् । नागरिक समाज पनि कहिले काहीं विचलित (divert) भएका छौं । अपराध हुन्छ, राजनीतिक दलको नाम जोडिन्छ, त्यस्तो अवस्थामा राजनीतिक दलहरुलाई बेनकाव गर्न (lifting the vail) सकिएन भने दण्डहीनता बढ्छ । राजनीतिक दलहरु मुछिने कुनै पनि अपराधहरु पार्टीको केन्द्रीय समितिको बैठकले निर्णय गरेका भएका छैनन् । व्यक्तिलाई पार्टीसँग जोड्दा पीडकहरु बलिया हुन्छन् । अपराधमा पार्टी सदस्य अर्थात पार्टीसँग जोडेर होइन व्यक्ति बनाएर कारवाही गर्नुपर्छ ।

**शशिकुमार उपाध्याय**
भावी संविधानमा पनि संक्रमणकालीन न्यायका प्रावधान राख्दा पछि दण्डहीनताले पश्रय पाउँछ कि त्यसतर्फ सोच्नुपर्छ । हरेक पटक सरकार परिवर्तन हुन्छ भन्ने निश्चित भएपछि मुद्दा फिर्ता लिने प्रवृत्ति बढेको र त्यसले दण्डहीनतालाई संस्थागत गरेको छ । मुद्दा फिर्ता लिँदा पीडित पक्षलाई एक ठाउँमा राखेर मात्र अघि बढ्नुपर्छ । पीडित पक्षको आवाज बोलिदिने व्यवस्था गर्न सकेमा मात्र दण्डहीनताविहीन समाजको निर्माणमा सफलता मिल्न सक्छ ।

**रामनाथ विडारी**

राज्यका कुनै पनि पदाधिकारीले गरेका अधिकार उल्लंघनमा कुनै नाममा पनि उन्मुक्ति दिनु हुदैन । भावी संविधानमा संक्रमणकालीन न्यायका प्रावधान राख्ने हो भने संविधानमा नै स्पष्ट रुपमा तिथि, मिति र सीमा स्पष्ट रुपमा व्यवस्था गरेर अघि बढ्नुपर्छ अन्यथा यो विगतमा जस्तै ठगी खाने भाँडो हुनेछ । अदालत कसरी बनाइन्छ, न्यायाधीश कसरी नियुक्ति गरिन्छ, न्यायपालिकाको पुन:संरचनाको व्यवस्था हुनुपर्छ । अहिले तोरण जंगबहादुरमाथि कारवाहीको कुरा उठेको छ । वास्तवमा त्यो उल्लंघनका घटनामा तोरण मात्र थिए कि त्यसमा उनका मालिक पनि थिए, त्यसलाई हेर्नुपर्छ ।

**अधिवक्ता रेश्मा थापा**

हालका संवैधानिक व्यवस्थाले संक्रमणकालीन न्यायका अहिलेका संयन्त्रलाई असर पारेको छ । अदालतमा विचाराधीन विषय ल्याउन नपाइने, अदालतमा निर्णय भएका विषय उठाउन नपाइने भन्ने व्यवस्था हुँदा के पीडितलाई न्याय मिल्छ सबैले सोच्नुपर्छ । यस्ता व्यवस्थाले पीडितलाई न्याय प्रक्रियामा आउन गाह्रो पर्छ । अदालतमा विचाराधीन विषय हेर्न नपाउँदा राजनीतिक पूर्वाग्रह हुने अनि उस्तै प्रकृतिको एउटा मुद्दा अदालतले स्वीकृति दिने र अर्कोमा नदिने हुन सक्छ । त्यसले सत्य निरुपण तथा मेलमिलाप आयोगको स्पष्ट रुपमा व्यवस्था गरी अघि बढ्नुपर्छ ।

**अधिवक्ता राजकुमार सिवाकोटी**

अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका गम्भीर अपराधलाई भावी संविधानमा फौजदारी न्याय प्रणाली भित्र ल्याउनुपर्छ र त्यस्ता अपराधमा कानुनी उपचार प्राप्त गर्ने पीडितको हकलाई फौजदारी न्याय सम्बन्धी हकभित्र समावेश गर्नुपर्छ । त्यसैगरी अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका गम्भीर अपराधहरुमा पश्चात्‌दर्शी कानुन बनाएर अभियोजन गर्न सकिने प्रावधानको व्यवस्था गर्नुपर्छ ।

**अधिवक्ता ओम अर्याल**

राष्ट्रिय मानव अधिकार आयोगको trend हेर्दा अनुसन्धानको अन्त्यमा सिफारिस दिने तर तिनीहरु कार्यान्वयन नहुने अवस्था देखिन्छ । अनुसन्धानको सिलसिलामा असहयोग गर्ने अधिकारीलाई कारवाही गर्न सक्ने हैसियत राष्ट्रिय मानव अधिकार आयोगले राख्छ । भैरवनाथ गणको अनुसन्धानमा असहयोग गर्ने व्यक्तिलाई विभागीय कारवाहीको लागि सिफारिस गरेको भए सबैको पोल खुल्दै जान्थ्यो तर आयोगले त्यसरी अघि बढ्न सकेन् । राष्ट्रिय मानव अधिकार आयोगमा गरिने कर्मचारी नियुक्तिले पनि समस्या ल्याएको छ । आयोग आफैले कर्मचारी नियुक्त गर्न सक्ने व्यवस्था गर्नुपर्छ । राष्ट्रिय मानव अधिकार आयोग ICRC पनि हो । यो देशको स्वतन्त्र अंग हो । पेरिस सिद्धान्तअनुसार यो सरकरबाट अलग अर्थात स्वतन्त्र हुन्छ । राष्ट्रिय मानव अधिकार आयोगले यदि दोषी ठहर गरेको छ भने त्यस्ता व्यक्तिहरुलाई व्यक्तिगत रुपमा कानुनद्वारा अयोग्य हुने व्यवस्था गर्नुपर्छ । तोरणजंग बहादुरको कुरामा त्यही भएको छ । निरञ्जन बस्नेतको हकमा दोहोरो कारवाहीको कुरा उठेको छ । यसमा पनि स्पष्ट हुनुपर्छ । सबै मानव अधिकार उल्लंघनका घटनाहरु अपराध हुदैनन् । अपराध सम्बोधनका लागि स्पष्ट संवैधानिक र कानुनी व्यवस्था गरी अघि बढ्नुपर्छ ।

**अधिवक्ता पूण्यप्रसाद खतिवडा**

द्वन्द्वलाई निकास दिनुपर्छ, समस्याहरुको राजनीतिक समाधान हुनुपर्छ र मानव अधिकार उल्लंघनका घटनाहरुको सम्बोधन हुनुपर्छ । त्यसको लागि संक्रमणकालीन न्याय चाहिन्छ । Reconciliation को व्यापक अर्थ हुन्छ । न्याय र मेलमिलापलाई सँगै लैजानुपर्छ । न्यायबिनाको मेलमिलाप दीर्घकालीन हुदैन । तोरणजंग बहादुरलाई व्यक्तिगत रुपमा मात्र जिम्मेवार नबनाई सबैलाई जिम्मेवार बनाउनुपर्छ । नागरिक समाजका प्रतिनिधि पनि द्वैध भूमिका छौं । यस्ता मञ्चमा आएका एउटा कुरा गर्छौ अनि आ-आफ्नो पहुँचमा रहेका दललाई अर्कै तरिकाले विचार दिन्छौं । न्याय र अग्रगमनका कुरा गर्ने हो भने ethic लाई पनि ध्यान दिनुपर्छ । केही निश्चित पदहरुमा अपराधका दोषीलाई नियुक्त गर्न नपाइने व्यवस्था गरी अघि बढ्न सकियो भने सहयोग हुनेछ ।

**डा. गोपालकृष्ण सिवाकोटी**

शान्ति प्रक्रिया सबैले जितेका छन् तर पीडितले मात्र हारेका छन् । अहिलेको सत्ता समीकरण पनि धरापमा बाँचेको छ । अनि त्यही धरापमा बाँचेको सरकारले संविधान बनाउनु परिरहेकोछ । अहिले न्याय रोज्ने कि शान्ति रोज्ने भनिएको छ । न्याय रोज्ने हो भने शान्ति धरापमा पर्छ भनिएको छ । संक्रमणकालीन न्याय आँखाको बदलामा आँखा हो भन्ने भयले काम गरिरहेको छ । सिद्धान्तमा सबै एक देखिन्छन् अनि व्यवहारमा फरक फरक देखिन्छ । त्यसलाइ चिर्न सकेनौं भने संक्रमणकालीन न्याय धोका हुनेछ । अहिले मौन माफीले काम गरेको छ । पीडित थकानको रणनीतिमा पीडकहरु लागेका छन् । पीडितलाई थकाउँदा बदलाको भावना पनि घट्दै जान्छ । अमेरिकाको एक संस्थाद्वारा प्रकाशित प्रतिवेदनमा विगतमा अपराध सम्बोधन गर्नुपर्ने कुनै गुन्जायस नभएको भन्ने भनिएको छ । त्यसले अपराधलाई कारवाहीविहीन गराउन मद्दत मिलेको देखिन्छ ।

**प्रा. कपिल श्रेष्ठ**
नयाँ संविधानमा राखिने संक्रमणकालीन न्यायका प्रावधान वकील, न्यायाधीश र उच्च वर्गले मात्र बुझ्ने अनि दोहोरो अर्थ लाग्ने नभइ पीडित र आम नेपालीले बुझ्नु हुनुपर्छ । मानव अधिकार र न्यायको महत्वपूर्ण पक्ष जवाफदेहीता हो । राजनीतिक दलहरु गैरजवाफदेही हुँदा राजनीतिक दलहरु नभइ पनि नहुने तर सकभर नभइदिए हुन्थ्यो भन्ने भइसकेको छ । गैर राज्य पक्षलाई पनि मानव अधिकार उल्लंघनका घटनामा त्यत्तिकै जवाफदेही बनाउनुपर्छ । मानव अधिकार र मानवीय संस्कारयुक्त संविधान बनाउन संविधानसभामा आँट छ कि छैन सबैले हेरिरहेका छन् ।

**आवासेतु सिंह**
हामी मानव अधिकारकर्मी, पत्रकारहरु कसका लागि भेला भएका छौं ? केका लागि हामी जवाफदेहीता, क्षमा र न्यायका कुरा गरिरहेका छौं ? न्याय र क्षमालाई परिपूरकका रुपमा कुरा गर्दा हामीले उठाउनुपर्ने कुरा ओझेलमा परेको छ कि जस्तो लागेको छ । हामीहरुले कि त न्यायलाई अगाडि बढाउनुपर्छ या त क्षमालाई । दुवैलाई एकैचोटी अगाडि बढाउन सकिदैन ।

**विष्णु भुषाल**
संक्रमणकालीन न्याय के का लागि कुरा गरिरहेका छौं । न्याय प्रक्रियाले बाटो विराउदैछ । सत्य, न्याय, शान्ति र दया (peace, justice, truth and mercy) लाई संक्रमणकालीन न्यायले हेर्न सकेन भने reconciliation हुदैन । यी सबै तत्वको ठीक मिश्रण (right mixture) हुनुपर्छ । सत्य निरुपण तथा मेलमिलाप आयोग लगायतका आयोगहरुलाई स्पष्ट समय सीमा दिएर अघि बढाउनुपर्छ । यस्ता आयोगहरु गठन गर्दा गरिने राजनीतिक भागबण्डाले आयोगहरु पीडित केन्द्रीत हुन नसकेको देखिन्छ । संविधान आउने वित्तिकै संक्रमणकाल सकिदैन । त्यसैले संक्रमणकालीन न्यायका सबाललाई गम्भीर रुपमा सोच्नुपर्छ ।

**डा. पूर्णकान्त अधिकारी**
शान्ति (peace), न्याय (justice), सत्य (truth) र दया (mercy) को सन्तुलन बाट संक्रमणकालीन न्याय अघि बढ्नुपर्छ । यी ४ मध्ये कुनै एक तत्व कम वा बढी हुँदा पनि संक्रमणकालीन न्यायमा असर पर्छ । अहिले विस्तृत शान्ति सम्झौता टुहुरो भएको छ । शान्ति सम्झौतापश्चात् पक्ष र विपक्ष नहुनुपर्ने थियो तर हुन गयो । शान्ति सम्झौताको प्रक्रिया अबलम्बन गर्दा (while adapting peace negotiation process) एरिस्टोटलकालीन सोचाइबाट अघि बढियो । जटिल मुद्दाहरुमा एउटा पद्दति अवधारणा (system approach) बाट प्रभावकारी व्यवस्थापन गरिएन । हामीहरु राजनीतिक दलहरुमा चाहिनेभन्दा बढी भर पर्‍यौं । राजनीतिक दलहरु बोल्दा हरेक कुरा चाहिन्छ भन्छन् तर व्यवहारमा चाहिं केही पनि गर्दैनन् । यो संक्रमणकालीन न्यायलाई पनि दलहरुले प्रभावकारी रुपमा अघि बढाउन चाहेको देखिदैन ।

**सुवोध अधिकारी**
भावी संविधानको मस्यौदाको प्रस्तावनामा राख्न बेपत्ता, मधेस आन्दोलन, सहीदका कुरा परे पनि भन्नुपर्ने सहीद तर नभनिएकाहरुलाई पनि सम्बोधन गर्नुपर्छ । त्यसैले यो प्रस्तावमा त्रुटीपूर्ण देखिन्छ । भावी संविधानको प्रस्तावनामा पीडितको आत्मसम्मान हुने कुरालाई समावेश गर्नुपर्छ । पीडितको पक्षमा केही पनि नहुँदा हामीहरु थाकिसकेका छौं । हामीहरुलाई परिचय दिदा समेत पीडा र यातना (torture) पाएजस्तो हुन्छ । नचिनेका ठाउँमा हामीहरु पीडित हौं भनेर खुलेर भन्न सक्छौं तर चिनिरहेको ठाउँमा कुन संस्थाबाट आएको भन्दा हामी पीडितहरुको सम्मान भएको अनुभूति हुन्छ । राजनीतिको अपराधीकरण र अपराधको राजनीतिकरणले दण्डहीनता बढेको छ । अपराधमा लागेकोले पार्टी सदस्यता नपाउने व्यवस्था गरिनुपर्छ । राजनीति दलसम्बन्धी, निर्वाचन सम्बन्धी, पारदर्शिता सम्बन्धी कुराहरु जोडेर राजनीतिक दलहरुलाई जवाफदेही बनाउनुपर्छ ।

**कर्ण थापा**
अहिले ०५२ सालपछि मात्र देशमा दण्डहीनता आएको हो भन्ने सोचाइ धेरैमा देखिन्छ । तर यथार्थ त्यस्तो होइन्, ०५२ भन्दा पहिला पनि दण्डहीनता थियो, त्यसपछि अहिलेसम्म पनि छ र यो भविष्यमा पनि हुनेछ किनकी राजनीतिक कर्ताहरु (political) ले यसलाई निरन्तरता दिन्छन् नै । विगतको सशस्त्र द्वन्द्वमा पनि न्यायिक पद्दति (judicial system) भताभुंग भएको थिएन । संक्रमणकालीन न्याय विगतको न्यायिक प्रक्रिया भताभुंग भएको र नयाँ पद्दति अबलम्बन नगरिन्जेलका लागि हो । विगतमा न्यायिक पद्दति पूर्ण रुपमा भताभंग भएको अवस्था यो हो कि होइन ? यसमा स्पष्ट हुनुपर्छ । नेपालले अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा आँखा चिम्लेर हस्ताक्षर गर्ने तर तिनीहरुको घरेलुकरण नगर्ने प्रवृत्तिले गर्दा अझ समस्या थपिएको छ । विगतको द्वन्द्वको समयमा टाउका गनेर विद्रोही मार्नेलाई छानी छानी शान्ति सेनामा पठाउने व्यवस्था गर्नेहरुलाई हेर्ने कि नहेर्ने ?

गम्भीर अपराधमा संलग्नहरुलाई कारवाही गर्न पश्चात्‌दर्शी कानुन बनाएर अघि बढ्न सकिन्छ । यो अन्तर्राष्ट्रिय मान्यता हो जुन नेपालमा पनि ०४२ को बम काण्डपछि प्रयोग पनि भएको थियो ।

**आशिषराम कार्की**
अहिलेसम्म संक्रमणकालीन न्यायको सम्बोधन भएको छैन । जबसम्म यसलाई सम्बोधन गरिदैन तबसम्म संक्रमण रहिरहन्छ । संक्रमणकालीन न्यायलाई सम्बोधन नगरिदा देश पुनः द्वन्द्वमा फर्कन सक्छ । जहाँ उपचार छैन त्यहाँ अधिकारका कुरा हैनन्‌ । मानव अधिकार उल्लंघनका घटनामा उपचारलाई मान्यता (recognize) दिनुपर्छ । भावी संविधानमा संक्रमणकालीन न्याय सम्बन्धी छुट्टै व्यवस्था गरी सत्य निरुपण तथा मेलमिलाप आयोगको व्यवस्था गर्नुपर्छ ।

**रवीन्द्र नाथ भट्टराई**
कहि नभएका सिद्धान्तहरु नेपालमा लागू भएका छन्‌ । यस्तो अवस्थामा नागरिक समाजको भूमिका के हुने ? हामीहरु शव्द शव्दमा राजनीति गर्दैछौं । संक्रमणकालीन न्यायको प्रत्याभूतिका लागि विद्यमान मान्यता र व्यवस्थाबाट केही गर्न सकिन्छ कि सकिदैन । प्रत्येकले फरक फरक रंग देखाइरहेका छन्‌ । वास्तविक कुरा भन्न कसैले पनि सकिरहेका छैनौं । न्याय भन्ने कुरा अन्यायमा परेकोले मात्र गर्न सक्छ किनकी उसले मलाई अन्याय भयो भनेर सत्य कुरा भन्ने आँट गर्नसक्छ । तर, अरुमा यस्तो देखिदैन । नागरिक समाजमा पनि नेता बन्ने प्रवृत्ति छ । समावेशी लोकतन्त्रका नाममा जातीय, लैगिंक, भाषिक न्यायालाई सम्बोधन गर्ने कि नगर्ने ? भोलि चुच्चे नाक भएको व्यक्ति काठमाडौमा मेयर बन्न सक्ने कि नसक्ने ? समावेशीताको कुरालाई कसरी सम्बोधन गर्ने भन्नेमा पनि सोच्नुपर्छ ।

**जीना महर्जन**
३१ प्रतिशत नेपालीहरु गरिबीको रेखामुनी बाचिरहेका छन्‌ । अदालती प्रक्रियामा जाँदा एउटा व्यक्तिले ५०० रुपैया तिर्नुपर्छ । जो मानिस गरिबीको रेखामुनी बाचिरहेका छन्‌ उनीहरुले कसरी ५०० रुपैया तिरेर न्याय पाउन सक्छन्‌ । त्यसैले नयाँ संविधानमा गरिबीको रेखामुनी रहेका व्यक्तिले निःशुल्क न्याय पाउने व्यवस्थालाई समावेश गर्नुपर्छ ।

**विनोद कुमार विश्वकर्मा**
हामीहरु सबैलाई शान्ति चाहिएको छ तर त्यो मुर्दा शान्ति होइन । शान्ति केही होइन तर शान्तिबिना हरेक चीज केही पनि होइन (peace is nothing but without peace everything is nothing) । पीडितलाई परिपूरण (reparation) दिने संयन्त्र के हुने स्पष्ट रुपमा आउनुपर्छ । मानव अधिकार उल्लंघन (violation) र दुरुपयोग (abuse) मा फरक छैन । तर, दुरुपयोगलाई कानुनी प्रक्रियामा ल्याउने व्यवस्था गरिएको छैन । दुरुपयोग गर्नेलाई कसरी कानुनी प्रक्रियामा ल्याउने ? भन्नेमा स्पष्ट व्यवस्था गर्नुपर्छ ।

**गोविन्द शर्मा वन्दी, कार्यपत्रमाथि उठेका पश्नको जवाफदेही**
विगतमा न्याय प्रक्रिया पूर्णता भताभुंग भएको थिए । यद्यपि त्यसले स्वतन्त्र रुपमा काम गर्न भने सकेको थिएन । विगतमा दवाव, बल प्रयोग वा अन्य कुनै प्रक्रियाले स्वतत्र रुपमा न्यायपालिकाले काम गर्न सकेको थिएन । त्यसैले संक्रमणकालीन न्यायको व्यवस्था चाहिएको हो ।

**नूतन थपलिया**
छलफल सकारात्मक भएको छ । यसबाट आएका सुझावले नागरिक समाजको साझा धारणा बनाइ अघि बढ्नका लागि सहयोग गर्नेछ । भविष्यमा सबै राजनीतिक दललाई प्रतिनिधित्व गर्दै संविधानसभा सदस्यहरुसँग यस विषयमा छलफल र लविङ कार्यक्रम सञ्चालन गरिनेछ, जसले संक्रमणकालीन न्यायलाई सम्बोधन गर्नका लागि सहयोग गर्नेछ ।

# *अनुसूची एक :* नयाँ संविधानमा संक्रमणकालिन न्याय

**गोविन्द शर्मा बन्दी**

**अधिवक्ता**

**संक्रमणकालिन न्याय भनेको के हो ?**

संक्रमणकालीन न्याय,संक्रमण र न्याय बिचको संबन्ध हो

निरंकुश शासन वा सशस्त्र द्वन्द्वबाट गुज्रिएको मुलुकहरुको लोकतान्त्रिक संक्रमणको क्रममा संक्रमणकालीन न्यायको संदर्भ उठ्दछ ।

**संक्रमण कालिन न्यायको उद्देश्य?**

- विगतमा भएका मानव अधिकारको उल्लंघन र ज्यादतीको न्यायिक र गैरन्यायिक दुवै ढंगले सम्बोधन गर्दछ ।
- दोषीहरुलाई जवाफदेही वनाई दण्डहिनताको स्थिति अन्त्य गर्ने पिडीत व्यक्तिहरुलाई परिपुरणको व्यवस्था गरी उनीहरुको पिडा केही हदसम्म भए पनि कम गराउने ।
- समाजमा मेलमिलापको वातावरण सृजना गराउने ।
- पुनः त्यस्तो कार्य नदोहोरियोस भन्ने कुराको सुश्चिता गर्ने ।
- कानूनी साशन, लोकतन्त्र तथा शान्तिलाई दिगो वनाउने ।

**संक्रमणकालिन न्यायको प्रकृति**

- **औपचारिक तर अस्थायी**
- **न्यायीक , गैर न्यायीक** दुबै वा कुनै हुन सक्दछ ।
- र, यो खासगरी **अन्तराष्ट्रिय कानूनमा बढि आधारीत** हुन्छ ।
- यो स्थायी न्यायीक संयन्त्रलाई बिस्थापीत गर्दैन, सहयोगी भूमिका खेल्दछ र यो **अस्थाई प्रकृतिको** हुन्छ ।

**संक्रमणकालीन न्यायका उपायहरु**

- सत्य स्थापना ( त्चगतज )
- अभियोजन ९एचयकभअगतष्यल०
- परिपुरण ९ च्भउबचबतष्यल०
- संस्थागत सुधार ९क्ष्लकतष्तगतष्यलबª च्भायच०

(जस्तै : सूनूवाई, रोक९ख्भततष्लनरीगकतचबतष्यल ०

**शान्ति संझौता र संक्रमणकालीन न्याय**

**धारा ५.२.२**

- आफ्ना कब्जामा रहेका मानिसहरुको बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्ने ।

**धारा २.३**

वेपत्ता पारिएका व्यक्तिहरुको तथा युद्धको समयमा मारिएकाहरुको बास्तविक नाम,थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरु सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउने ।

**धारा ८.१**

दुवै पक्ष विगतमा भए गरेका त्रुटिहरुलाई भविष्यमा नदोहोऱ्याउने र क्रमिक रुपमा सच्यांउदै लैजाने गरी वैयक्तिक एवम् सामुहिक रुपमा उत्तरदायी हुने ।

- **धारा ५.२.४**
- दुबै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरुको लागि राहत कार्य र पुनर्स्थापन गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोग गठन गर्ने र त्यसमार्फत् यससम्बन्धी काम अगाडि बढाउने ।
- दुवै पक्ष विभिन्न व्यक्तिहरुलाई **राजनीतिक कारणले** लगाइएका आरोप, दावी, उजुरी र विचाराधीन रहेका मुद्दामामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरुको स्थिति तत्कालै सार्वजनिक गरी तुरुन्त रिहा गरिने ।

**धारा ५.२.८**

- सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरुलाई राजनीतिक पूर्वाग्रह बिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्व बसोबासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरु पुनर्निर्माण गर्न र विस्थापित व्यक्तिहरुलाई ससम्मान पुर्नस्थापना तथा सामाजीकरण गर्न प्रतिवद्धता व्यक्त गर्दछन् ।

**धारा ७.१.३**

दुवै पक्ष सम्झौता पत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरु माथि कानुन अनुसार निष्पक्ष छानवीन तथा कारवाही हुनेछ भनी प्रतिवद्धता जाहेर गर्दछन् र दण्डहिनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन् ।

- यसका साथै द्वन्द्व र यातना पीडित तथा वेपत्ता पारिएकाहरुको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन् ।

**धारा ७.३.३**

- विस्थापित भएका व्यक्ति र निजका परिवारहरु आफ्नो मूल बासस्थानमा फर्कन पाउने वा तिनीहरुले चाहे अनुसार अन्य कुनै ठाउँमा बसोबास गर्न पाउने अधिकारको सम्मान गर्ने प्रतिवद्धता व्यक्त गर्दछन् ।

**अन्तरिम संविधानमा संक्रमणकालीन न्याय**

**धारा ३३**

- (त) सशस्त्र द्वन्द्वको क्रममा मारिएकाहरूको परिवारलाई तथा यस क्रममा घाइते भई अपाङ्ग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुनर्स्थापनाको व्यवस्था गर्ने,
- (थ) सशस्त्र द्वन्दको क्रममा वेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने,
- (द) सशस्त्र द्वन्द्वको क्रममा विस्थापितहरूको पुनर्स्थापना गर्न, नष्ट भएका निजी तथा सार्वजनिक सम्पत्तिहरूको हकमा राहत प्रदान गर्न तथा ध्वस्त संरचनाहरूको पुनर्निमाण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने,

**धारा ३३**

- (ध) सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा सङ्लग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने ।

**संविधानको प्रारम्भीक मस्यौदामा संक्रमणकालीन न्याय**

**प्रस्तावनामा**

- ऐतिहासिक सशस्त्र संघर्ष र शान्तिपूर्ण जनआन्दोलनका क्रममा सहादत प्राप्त गर्ने वीर शहिदहरुलाई सम्मान गर्दै, भन्ने शव्दावली उल्लेख भएको छ ।

**राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व**

- विगतमा भएका सबै जनआन्दोलनहरू, जनयुद्ध, मधेश आन्दोलनका क्रममा भएका शहिद परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, अपाङ्ग र घाइतेहरूको लागि राज्यका सबै संयन्त्रमा सहभागिता, सरकारी र सार्वजनिक सेवामा विशेष सुविधा, शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक सुरक्षा, राहत र निवृत्तभरण प्रदान गर्ने ।
- अपराधका पीडितले उचित क्षतिपूर्ति पाउने गरी दण्डनीति अवलम्वन गर्ने ।

**संविधानको प्रारम्भीक मस्यौदा मा संक्रमणकालीन न्याय**

- **सूचनाको हक:** प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ ।
- **अपराधका पीडितको हक:**

(१) अपराधका पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तहकिकात तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुनेछ ।
(२) अपराधका पीडितलाई कानून बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति पाउने हक हुनेछ ।

**संविधानको प्रारम्भीक मस्यौदामा संक्रमणकालीन न्याय**

**उपचारको हक**

- यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा .. (संघीय सर्वोच्च अदालतको अधिकार क्षेत्र सम्बन्धी धारा) तथा धारा ...(प्रादेशिक/राज्यस्तरको सर्वोच्च/उच्च अदालतको अधिकार क्षेत्र सम्बन्धी धारा) मा लेखिए बमोजिम कारबाही चलाउन पाउने हक सुरक्षित गरिएको छ ।

**तर ,**

- तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

**फरकमत**

- अन्तराष्टिय कानून अनतरगतका अपराधमा यो लागु नहुने

**प्रारम्भीक मस्यौदामा नपरेका विषयहरु**

- गंभिर प्रकृतिको अपराधमा माफी मिनाह दिन नमिल्ने कुरा परेको छैन । (जस्तो : वेपत्ता सम्वन्धी कानूनमा माफी दिन नमिल्ने गरि कानून वनाउने भन्ने अन्तराष्टिय कानून अन्तरगत नेपालको दायित्व हो भन्ने सर्वोच्च अदालतको आदेश )
- मानव अधिकार आयोगको निर्णय कार्यान्वयन नहुदाको परिणाम के हुने ?
- **परिपुरण सम्वन्धी हक**
- अपराधका पीडितलाई कानून बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति पाउने हक हुनेछ भनिएता पनि मानव अधिकार उल्लंघनका पिडितलाई परिपुरण पाउने हक वारे मस्यौदामा व्यवस्था गरिएको छैन ।

**प्रारम्भीक मस्यौदामा नपरेका विषयहरु**

- गंभिर प्रकृतिको अपराधमा माफी मिनाह दिन नमिल्ने कुरा परेको छैन । (जस्तो : वेपत्ता सम्वन्धी कानूनमा माफी दिन नमिल्ने गरि कानून वनाउने भन्ने अन्तराष्टिय कानून अन्तरगत नेपालको दायित्व हो भन्ने सर्वोच्च अदालतको आदेश )
- मानव अधिकार आयोगको निर्णय कार्यान्वयन नहुदाको परिणाम के हुने ?
- **परिपुरण सम्वन्धी हक**
- अपराधका पीडितलाई कानून बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति पाउने हक हुनेछ भनिएता पनि मानव अधिकार उल्लंघनका पिडितलाई परिपुरण पाउने हक वारे मस्यौदामा व्यवस्था गरिएको छैन ।

**नयाँ संविधानमा समावेश गरिनु पर्ने प्रावधानहरु**

- प्रारमभीक मस्यौदामा परेका उल्लेखित कुराहरुका अतिरिक्त निम्न विषहरुलाई नयाँ संविधानले व्यवस्थित गर्नुर्ने देखिन्छ ।

**मैलिकहक अन्तरगत**

- १. सुचनाको हक संगै सत्य थाहा पाउने हक थप्ने
- २. संवैधानिक उचारको हकको सट्टा प्रभावकारी उचारको हक
- ३. परिपुरणको हक
- ४. अन्तराष्टिय कानून अनतरगतका अपराधहरुमा पश्चातदर्शि कानून वनाउन सकिने अपवादात्मक व्यवस्था

**नयाँ संविधानमा गरिनु पर्ने व्यवस्थाहरु**

**राज्यको दायित्व अर्न्तगत**

- विगतमा भएको मानव अधिकारको उल्लंधन र ज्यादतीको अनुसन्धान गरि दण्डहिनताको अन्त्य गर्ने, पिडितलाई परिपुरण प्रदान गर्ने र भविश्यमा त्यस्तो हुन नदिन संस्थागत सुधार गर्ने विषय समावेश गर्नु पर्ने ।

**संक्रमणकालीन व्यवस्था अर्न्तगत**

- सत्य निरुण र वेपत्ता समवन्धी आयोग र त्यसको सिफारिसको कार्यान्वयन गर्ने विषय थप्नु पर्ने
- न्यायालकिाको स्वतन्त्रता, निश्पक्षता, जवाफदेहिताको सुनिश्चितताका लागी भेटिङ.ग गर्ने व्यवस्था राखिनु पर्ने,
- सुरक्षा निकायको सुधारको लागी भेटिङ.ग लगाएत विभिन्न कार्यक्रम संचालन गर्ने

धन्यवाद

## *Annex 2:* Comparative Constitutional Provisions dealing with Transitional Justice/ Impunity Issues

| **Constitutions** | **Relevant provisions** | **Remarks** |
|---|---|---|
| **Constitution of the Republic of Kosovo, 2008** | **Article 33**<br>1. No one shall be charged or punished for any act which did not constitute a penal offense under law at the time it was committed, **except acts that at the time they were committed constituted genocide, war crimes or crimes against humanity according to international law.** | Provides for an exception of retrospective criminal law dealing with serious crimes under international law |
| **Constitution of South Africa, 1996** | **Article 35.**<br>Every accused person has a right to a fair trial, which includes the right-<br><br>(I) not to be convicted for an act or omission that was not an offence under **either national or international law** at the time it was committed or omitted; | As there is a reference to " either national or international law", this guarantee against retrospectivity doesn't preclude prosecution of an act that constitute a crime under international law (but not under national law). |
| **Constitution of Croatia, 1990** | **Article 31**<br>(1) No one shall be punished for an act which before its commission was not | As there is a reference to " offence by law or international law", this |

| | | |
|---|---|---|
| | defined as a punishable offence **by law or international law**, nor he may be sentenced to a penalty which was not defined by law. If a less severe penalty is determined by law after the commission of an act, such penalty shall be imposed. | guarantee against retrospectivity doesn't preclude prosecution of an act that constitute a crime under international law (but not under national law). |
| **Constitution of Ethiopia, 1994** | **Article 28.**<br>1. Criminal liability of persons who commit crimes against humanity, so defined by international agreements ratified by Ethiopia and by other laws of Ethiopia, **such as genocide, summary executions, forcible disappearances or torture shall not be barred by statute of limitation. Such offences may not be commuted by amnesty or pardon of the legislature or any other state organ.** | Explicitly provides for non-applicability of statutory limitation re prosecution of international crimes including genocide, summary executions, enforced disappearances or torture<br><br>Also, ensures absolute guarantee of criminal accountability for such crimes by prohibiting amnesty and pardon. |
| **Constitution of Venezuela, 1999** | **Article 29:** The State is **obliged to investigate and legally punish offenses** against human rights committed by its authorities.<br><br>Actions to punish the offense of violating humanity rights, serious violations of human rights and war crimes shall **not be subject to statute of limitation**.<br><br>Human rights violations and the offense of violating humanity rights shall be investigated and **adjudicated by the courts of ordinary competence**.<br><br>These **offenses are excluded from any benefit that might render the offenders immune from punishment, including pardons and amnesty**.<br><br>**Article 30:** The State has the **obligation to make full reparations** to the victims of human rights violations for which it may be held responsible, and to the legal successors to such victims, including payment of damages.<br><br>The State shall adopt the necessary legislative measures and measures of other nature to implement the reparations and damage compensation provided for under this article. | Imposes an obligation upon the state to investigate and legally punish human rights violations<br><br>Provides for non-applicability of statutory limitation for gross violations of international human rights and humanitarian laws.<br><br>Provides for supremacy of civilian courts over human rights and humanitarian law violations.<br><br>Provides for impermissibility of amnesty, pardon or any form of immunity from the punishment.<br><br>Imposes a constitutional obligation to ensure full reparations (not only compensation) to victims of human rights violations. |

| | | |
|---|---|---|
| | The State shall protect the victims of ordinary crimes and endeavor to make the guilty parties provide reparations for the inflicted damages. | |
| **Constitution of Paraguay, 1992** | **Article 5**<br>(1) No one will be subjected to torture or to cruel, inhuman, or degrading punishment or treatment.<br>(2) Genocide, torture, the use of force to make people disappear, kidnapping and the homicide for political reasons are crimes that are **not subject to terms of limitation.** | Non-applicability of statutory limitation for crimes including genocide, torture, enforced disappearance, kidnapping and homicide. |
| **Constitution of East Timor, 2002** | Section 160(Serious Crimes):<br>Acts committed between the 25th of April 1974 and the 31st of December 1999 that can be considered **crimes against humanity of genocide or of war shall be liable to criminal proceedings with the national or international courts.**<br><br>Section 163(Transitional judicial organization):<br>1. The collective judicial instance existing in East Timor, integrated by national and international judges with competencies to judge serious crimes committed between the 1st of January and the 25th of October 1999, shall remain operational for the time deemed strictly necessary to conclude the cases under investigation.<br>2. The judicial Organization existing in East Timor on the day the present Constitution enters into force shall remain operational until such a time as the new judicial system is established and starts its functions. | Permits prosecution of serious crimes committed in the context of the conflict in national and international courts.<br><br>Provides transitional arrangement regarding already established special courts. |
| **Constitution of the Republic of Chile, 1980 (revised in 2005)** | **Article 9.-** Terrorism in any of its forms is essentially contrary to human rights.<br><br>A law passed by a qualified quorum shall define terrorist conducts and the penalty to be imposed. Those responsible for such crimes shall, for a period of fifteen years, be precluded from holding positions or exercising functions or activities as referred to in paragraph four of the preceding article, without prejudice to other ineligibilities or of those for a longer period established by | Provides for precluding those responsible for terrorist conducts from holding public positions for a period of 15 years.<br><br>Provides for non-permissibility of amnesty and pardon or any other form of immunity from punishment. |

| | | |
|---|---|---|
| | law.<br><br>**Neither amnesty or pardon, nor provisional freedom for those tried for such crimes shall be warranted.**<br><br>For all legal effects, such crimes will always be regarded as common offenses and not as political ones | |
| **The Constitution of Greece** | **Article 47**<br>3. **Amnesty may be granted only for political crimes**, by statute passed by the Plenum of the Parliament with a majority of three-fifths of the total number of members.<br>4. **Amnesty for common crimes may not be granted even by law.** | Impermissibility of amnesty for common crimes; amnesty limited to political crimes. |